# चुमनुब्री गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः २ संख्याः ५ मितिः २०७६/०८/११

## भाग–२

## व्यवसाय दर्ता तथा नविकरण सम्वन्धी

## कार्यविधि – २०७६

**चुमनुब्री गाउँपालिका**

**सिर्दिबास, गोरखा**

**गण्डकी प्रदेश**

# चुमनुव्री गाँउपालिका व्यवसाय दर्ता तथा नविकरण सम्वन्धी

# कार्यविधि - २०७६

**गाउँ कार्यपालिकाबाट प्रमाणित मितिः २०७६।८।११**

## प्रस्तावना

चुमनुव्री गाउँपालिका क्षेत्र भित्र संचालित एव संचालन हुने विभिन्न व्यवसायिक गतिविधिहरुलाई कानुनी दायरामा ल्याउन, व्यवसाय संचालनमार्फत गाँउपालिकाको आन्तरिक आम्दानीलाई टेवा पुऱ्याउन, स्वच्छ, मर्यादित र प्रतिस्पर्धात्मक बजारको प्रर्वद्धनमार्फत उपभोक्ताको हित संरक्षण गर्न अनि स्थानीय सरकार र आम व्यवसायीहरुबीच सुमधुर सम्बन्ध स्थापित गर्दै साझेदारीमा आधारित विकासलाई अगाडि बढाउन वाञ्छनिय भएकोले चुमनुव्री गाउँकार्यपालिकाद्वारा यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

(१) यो कार्यविधिको नाम "चुमनुव्री गाँउपालिका व्यवसाय दर्ता तथा नविकरण सम्वन्धी कार्यविधि-२०७६" रहनेछ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "कार्यालय" भन्नाले यस चुमनुव्री गाउँपालिकाको कार्यालय सम्झनुपर्नेछ ।

(ख) "शाखा" भन्नाले यस चुमनुव्री गाउँपालिकामा रहेका सम्वन्धित विषयगत शाखा सम्झनुपर्नेछ ।

(ग) "वडा कार्यालय" भन्नाले यस चुमनुव्री गाउँपालिका अन्तर्गतका ७ वटै वडा कार्यालयहरु सम्झनुपर्नेछ ।

(घ) "अध्यक्ष" भन्नाले यस चुमनुव्री गाउँपालिकाको अध्यक्ष सम्झनुपर्नेछ ।

(ङ) "उपाध्यक्ष" भन्नाले यस चुमनुव्री गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्नेछ ।

(च) " कार्यपालिका सदस्य" भन्नाले यस चुमनुव्री गाउँ कार्यपालिकाको सदस्यहरुलाई सम्झनुपर्नेछ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले यस चुमनुव्री गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनुपर्नेछ ।

(ज) "वडा समिति" भन्नाले यस चुमनुव्री गाउँपालिकाको ७ वटै वडाका समितिहरु सम्झनुपर्नेछ ।

(झ) "व्यवसायी" भन्नाले यस चुमनुव्री गाउँपालिका भित्रका सम्वन्धित व्यवसायी,ब्यात्कि वा संस्था सम्झनुपर्नेछ ।

(ञ) "कार्यविधि" भन्नाले "व्यवसाय दर्ता तथा नविकरण सम्वन्धी कार्यविधि - २०७६" सम्झनुपर्नेछ ।

**३. क्षेत्र :** यस चुम नुव्री गाउँपालिका क्षेत्र भित्रका सबै व्यवसायीहरुलाई यस कार्यविधिले समेट्नेछ ।

**४. विषयगत क्षेत्र :** विषयगत क्षेत्र अन्तर्गत करका दायरा भित्र देहायका क्षेत्रहरु पर्नेछन् ।

(क) दैनिक उपभोग्य बस्तु तथा सेवा खाद्यन्न,थोक तथा खुद्रा पसल

(ख) होटल व्यवसायः चिया पसल, रेस्टुरेन्ट, होटल तथा लज

(ग) पशुपालन फर्मः कुखुरा, सुँगुर, बाखा, गाई, भैसी आदी

(घ) नर्सरी

(ङ) उद्योग तथा कल कारखानाः घरेलु तथा साना उद्योग

(च) कृषि फर्म ।

(छ) औषधि पसल । आदि

## परिच्छेद - २

## व्यवसाय दर्ता सम्वन्धी व्यवस्था

### ५. व्यवसाय दर्ता प्रकृया :

(१) व्यवसाय दर्ता गर्नुपर्नेः प्रत्येक व्यवसायीले गाउँकार्यपालिकाको कार्यालयमा आ-आफ्नो व्यवसाय अनिवार्य दर्ता गर्नुपर्नेछ ।

(२) सूचना प्रकाशन गरिनेः व्यवसाय दर्ताको लागि सूचना स्थानिय संचार माध्यम/गाउँपालिकाको कार्यालयबाट सुचना प्रकाशन गरिनेछ ।

(३) तोकिएको समयभित्र व्यवसाय दर्ता गर्नुपर्ने : हाल संचालनमा रहेका सम्पूर्ण व्यवसायीले ०७६ चैत्र मसान्त सम्ममा अनिवार्य दर्ता गरिसक्नुपर्नेछ । साथै नयाँ व्यवसाय संचालन गर्ने व्यवसायीले व्यवसाय संचालन गरेको मितिले १ महिना भित्र अनिवार्य आफ्नो व्यवसाय दर्ता गरिसक्नुपर्नेछ ।

### ६.दर्ताका लागि आवश्यक कागजातहरु :

**६.१.** व्यवसाय दर्ताका लागि व्यवसायीले देहायका कागजातहरु सहित अनुसूची ३ बमोजिमको ढाँचामा गाँउकार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ ।

(१) हालसालै खिचेको २ प्रति फोटो

(२) नागरिकता प्रमाण पत्रको प्रतिलिपी

(३) सम्बन्धित वडा कार्यालयको सिफारिस

(४) व्यवसाय संचालन हुने जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी

(५) अर्काको नाममा जग्गा भए व्यवसाय संचालन गर्न दिने जग्गाधनीको मञ्जुरीनामा

(६) उद्योगको हकमा संधियारको मञ्जुरीनामा ।

(७) स्थानीय उद्योग वाणिज्य संघको सिफारिसपत्र

**७.प्रमाणपत्र सम्वन्धी व्यवस्था :** (१) माथि ६.१ मा उल्लेखित कागजातहरु प्राप्त भईसकेपश्चात तोकिएको दस्तुर लिई कार्यालयले **अनुसूची - १** बमोजिमको ढाँचामा व्यवसाय दर्ताको प्रमाणपत्र दिनेछ ।

**८.व्यवसाय नवीकरण सम्वन्धी व्यवस्था :** प्रत्येक व्यवसायीले आर्थिक बर्षको श्रावण मसान्तसम्म आफ्नो व्यवसाय अनिवार्य रुपमा गाउँकार्यपालिका बाट नविकरण गरिसक्नुपर्नेछ । व्यवसाय नवीकरण को लागि देहाय बमोजिमको कागजपत्र पेस गर्नु पर्नेछ ।

(क) निवेदन

(ख) व्यवसाय दर्ता प्रमाणपत्रको सक्कलै प्रती

(ग) सम्बन्धित व्यवसाय वा फमको स्थायी लेखा प्रमाण-पत्र नम्बर

(घ) कर चुक्ता प्रमाणपत्र

**९. व्यवसाय दर्ता तथा नवीकरण शुल्क र पुनरावलोकन सम्वन्धी व्यवस्था :** (१) व्यवसाय दर्ता र नविकरण सम्वन्धी शुल्क/दस्तुर राजश्व परामर्श समितिको सिफारिसमा गाउँकार्यपालिकाले निर्धारण गरेको दर क्रमशः अनुसूची २ (क) र २ (ख) बमोजिम हुनेछ ।

(२) चालु आ.व.को हकमा **अनुसूची- २ (क)** मा उल्लेख भए बमोजिमको व्यवसाय दर्ता शुल्क/दस्तुर लिइनेछ ।

(३) आ.व.समाप्त भएपछि व्यवसाय दर्ता र नविकरण शुल्कमा गाउँकार्यपालिकाले पुनरावलोकन गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम पुनरावलोकन गरिएको व्यवसाय दर्ता /नविकरण शुल्कसम्वन्धी जानकारी स्थानीय संचार माध्यम वा अन्य कुनै माध्यमबाट सार्वजनिक गरिनेछ ।

## परिच्छेद - ३

## अनुगमन तथा कारबाही

**१०.मूल्यसूची सम्वन्धी व्यवस्था :** सम्पुर्ण व्यवसायीहरुले अनिवार्य रुपमा उपभोक्ताहरुले प्रस्ट संग देख्ने गरी मूल्यसूची राख्नुपर्नेछ ।

**११.बजार अनुगमन सम्वन्धी व्यवस्था :** (१) गाउँपालिका भित्र संचालन भएका व्यापार व्यवसायलाई स्वस्थ, व्यवस्थित र प्रतिस्पर्धी बनाउन नियमित बजार अनुगमन गरिनेछ । बजार अनुगमनसम्बन्धी अन्य व्यवस्था “चुमनुव्री गाँउकार्यपालिकाले पास गर्ने बजार अनुगमन निर्देशिका” बमोजिम हुनेछ ।

**१२.दर्ता खारेजी र व्यवसाय बन्द सम्वन्धी व्यवस्था :** “चुमनुव्री गाँउकार्यपालिले पास गर्ने बजार अनुगमन निर्देशिका” मा भएको व्यवस्था प्रतिकूल कार्य गरेमा सोहीबमोजिम तथा देहायका कार्य गरेमा व्यवसायको दर्ता खारेजी वा व्यवसाय बन्द गरिनेछ ।

(क) तोकिएको समय भित्र व्यवसाय दर्ता तथा नविकरण नगरेमा

(ख) निषेध गरिएका सामाग्रिहरु बेचविखन गरेमा

(ग) कालाबजारी गरेमा

(घ) गुणस्तरहीन सामाग्रिहरु बेचविखन गरेमा

(ङ) म्याद नाघेका सामाग्रिहरु बेचविखन गरेमा

(च) चर्को मूल्यमा सामाग्रिहरु बेचविखन गरेमा

(छ) प्रदुषित,फोहोर सामाग्रिहरु बेचविखन गरेमा

(ज) प्रचलित कानुनले निशेधित गरेको अन्य कार्य गरेको पाइएमा

## १३.कारबाही र जरिवाना सम्वन्धी व्यवस्था :

(१) बजार अनुगमनको क्रममा देहायको अवस्था भेटिन गएमा देहाय बमोजिमको तुरुन्त जरिवाना गरिनेछ :-

| विवरण | जरिवाना |
|---|---|
| (क) मूल्यसूची नराखेमा | रु. १०००।- |
| (ख) प्रमाणपत्र नराखेमा | रु. २,०००।- |
| (ग) तोकिएको समय भित्र व्यवसाय दर्ता तथा नविकरण नगरेमा | दर्ता दस्तुरको दोब्बर |
| (घ) गुणस्तरहीन सामाग्रीहरु बेचविखन गरेमा | रु. १०,०००।- |
| (ङ) म्याद नाघेका सामाग्रिहरु बेचविखन गरेमा | प्रचलित कानुन बमोजिम हुने |
| (च) बजार मूल्य भन्दा चर्को मूल्यमा सामाग्रीहरु बेचविखन गरेमा | प्रचलित कानुन बमोजिम हुने |
| (छ) प्रदुषित,फोहोर सामाग्रीहरु बेचविखन गरेमा | रु. ५,०००।- |

(ज) अन्य विषयको हकमा प्रचलित कानुन बमोजिम व्यवसाय सञ्चालन नगरेको पाइएमा सोही कानुन बमोजिम कार्वाही हुनेछ ।

(२) उपदफा (१) बमोजिम जरिवाना गरिसकेपश्चात पनि कुनै व्यवसायीले आफ्नो कमजोरी सुधार नगरेको पाइएमा त्यस्ता व्यवसायीलाई सोही कसुरमा दोब्बर जरिवाना गरिनेछ ।

# परिच्छेद - ४

# विविध

**१४.बाधा अड्काउ सम्वन्धी व्यवस्था :** (१) यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँकार्यपालिकाले आवश्यक्ता अनुसार थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

(२) यस कार्यविधीको कार्यान्वयनमा कुनै वाधा अवरोध वा अस्पष्टता भएमा त्यस्तो वाधा अवरोध हटाउन गाउँकार्यपालिकाले आवश्यकता अनुसार ब्यवस्था गर्न सक्नेछ ।

**१५.विशेष व्यवस्था :** माथि अन्यत्र जुनसुकै ब्यवस्था उल्लेख गरिएको भएता पनि प्रदेश कानुन नबनुन्जेल सम्म वा गाउँपालिकाले बनाएको अर्को ऐन,कानुनले खारेज नगरेसम्म यो कार्यविधिमा भएका व्यवस्था पूर्ण रुपमा सक्रिय रहनेछन् ।

अनुसूची १
दफा(७)सँग सम्बन्धित

# चुमनुव्री गाँउपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सिर्दिवास, गोरखा
## गण्डकी प्रदेश, नेपाल

फोटो

**प्रमाणपत्र नं.**

## व्यवसाय दर्ता प्रमाणपत्र

**मितिः............./......./...........**

**(स्थानीय सरकार संचालन ऐन २०७४ को ५८ बमोजिम)**

१. व्यवसायको नामः ..............................................................................................................

२. व्यवसाय सुरू गरेको मितिः .................................................................................................

३. व्यवसायको किसिमः ..........................................................................................................

४. व्यापार/व्यवसाय गर्नेको नाम ः ..........................................................................................

५. नागरिकता प्रमाणपत्र नं.ः ....................................................................................................

६. स्थायी ठेगानाः ...................................................................................................................

७. व्यवसाय गरेको स्थानः ........................................................................................................

८. व्यवसायमा लगानी पूँजी रकम (रू.) ः ...................................................................................

९. बुबा/आमाको नामः ..............................................................................................................

१०. व्यवसायको श्रेणीः ..............................................................................................................

| | | |
|---|---|---|
| **व्यवसायीको** | **तयार गर्नेको** | **प्रमाणित गर्ने अधिकारीको** |
| **हस्ताक्षरः................................** | **हस्ताक्षरः.......................................** | **हस्ताक्षरः.................................** |

**<u>नोटः</u>**

क) यस गाँउपालिका क्षेत्रभित्र उधोगव्यापार व्यवसाय गर्ने व्यक्तिले गा.पा. को नियमानुसार कर बुझाई दर्ता प्रमाणपत्र लिनुपर्नेछ ।

ख) प्रमाणपत्रको अवधि असार मसान्तसम्म मात्र रहनेछ र प्रत्येक आ.व.मा नविकरण गर्नुपर्नेछ ।

ग) यो प्रमाणपत्र व्यवसाय दर्ता गरेको स्थानमा राख्नुपर्नेछ। सम्बन्धित निकायले हेर्न चाहेमा देखाउनुपर्नेछ ।

घ) उक्त व्यवसाय गरी आएको स्थान बदल्नुपरेमारनामसारी गर्नुपरेमा गाँउपालिकामा जानकारी गराउनुपर्नेछ ।

ङ) प्रत्येक आ.व.को कर श्रावण महिना देखी असार मसान्तभित्र बुझाई नविकरण गर्नुपर्ने, सो म्यादभित्र नबुझाएमा करको १० प्रतिशत जरिवाना लाग्नेछ ।

च) व्यवसाय उदेश्य विपरित संचालन भएको पाइएमा वा उजुरी पर्न आएमा छानविन गरी दर्ता खारेज गर्न सकिनेछ ।

छ) व्यवसाय करको सहयोगले गाउँपालिकाको विकासमा टेवा पुग्ने हुँदा समयमै कर चुक्ता गर्नुहुन अनुरोध गरिन्छ ।

***गाउँपालिकाले जारी गरेको सूचना, निति/निर्देशनहरु व्यवसायीहरुले पालना गर्नुपर्नेछ ।***

# स्थानीय सरकार संचालन ऐन ,२०७४ को दफा ५८ बमोजिम

अनुसूचि २ (क)

दफा (९) सँग सम्बन्धित

| व्यवसाय दर्ता शुल्क (रूपैयामा) | | |
|---|---|---|
| मदिरा पसल | वितरक | ३०००।०० |
| | थोक | २०००।०० |
| | खुद्रा | ५००।०० |
| चुरोट बिडी सुर्ती जन्य | वितरक | २०००।०० |
| | थोक | १५००।०० |
| | खुद्रा | २००।०० |
| हल्का पेय पदार्थ | वितरक | १५००।०० |
| | थोक | १०००।०० |
| | खुद्रा | ५००।०० |
| सुनचाँदी पसल | थोक | १५००।०० |
| | खुद्रा पसल र मर्मत | १०००।०० |
| औषधी पसल | थोक | ३०००।०० |
| | खुद्रा डाक्टर भएको | २०००।०० |
| | खुद्रा डाक्टर नभएको | १०००।०० |
| माछामासु बिक्री पसल | | १०००।०० |
| आयुर्वेदिक औषधी पसल | | ५००।०० |
| एग्रोभेट पसल | थोक | २०००।०० |
| | खुद्रा | २००।०० |
| | | |
| स्टेशनरी तथा पुस्तक पसल | थोक | १५००।०० |
| | खुद्रा | ५००।०० |
| छपाइ तथा प्रकाशन | अफसेट प्रेस | २०००।०० |
| | सधारण प्रेस | ५००।०० |
| कस्मेटिक पसल | | ५००।०० |
| मोटर पार्ट्स | थोक | २०००।०० |
| | खुद्रा | ५००।०० |
| प्लाइ तथा ग्लास | थोक | १०००।०० |

| | | |
|---|---|---|
| | खुद्रा | ५००।०० |
| कपडा/फेन्सी/जुत्ताचप्पल/ब्याग पसल | थोक | १०००।०० |
| | खुद्रा | ५००।०० |
| धागो टाक पसल | थोक | १०००।०० |
| | खुद्रा | १००।०० |
| इलेक्ट्रोनिक पसल (मोबाइल, घडी, क्याल्कुलेटर अडियो, भिडियो, आदि) | वितरक | ३०००।०० |
| | थोक | १५००।०० |
| | खुद्रा | १०००।०० |
| हार्डवेयर/ मेसिनरी/स्यानिटरी/मार्बल पसल | थोक | २०००।०० |
| | खुद्रा | १०००।०० |
| पेट्रोलियम पदार्थ | पेट्रोल पम्प | ५०००।०० |
| | पेट्रोल बिक्री केन्द्र | ३०००।०० |
| | ग्यास सिलिन्डर सब डिलर | ३०००।०० |
| | मट्टितेल मात्र बिक्री | २००।०० |
| स्टिल आलमुनियम पसल | थोक | १०००।०० |
| | खुद्रा | ५००।०० |
| फर्निचर | थोक | १०००।०० |
| | खुद्रा | ५००।०० |
| ढुङ्गा तथा गिट्टी बालुवा बिक्री वितरण गर्ने | | १०००।०० |
| कपडा सिलाइ कटाइ | टेलरिङ आधुनिक | २००।०० |
| | हाते मेसिन | १००।०० |
| स्नुकर तथा पुल हाउस | | १०००।०० |
| क्यारेम बोर्ड | | २००।०० |
| पशु आहार बिक्री केन्द्र | | २००।०० |
| किराना पसल | थोक | १०००।०० |
| | खुद्रा | २००।०० |
| फलफूल/तरकारी पसल | थोक | ५००।०० |
| | खुद्रा | २००।०० |
| उपहार/ गिफ्ट/ खेलौना पसल | थोक | ५००।०० |
| | खुद्रा | २००।०० |
| भाँडा पसल (स्टील, प्लास्टिक,आल्मुनियम | थोक | १०००।०० |

| | | |
|---|---|---|
| सबैथरी) | खुद्रा | ५००।०० |
| माटाको भाँडा पसल | थोक, खुद्रा | १००।०० |
| विशेषज्ञ परामर्श तथा अन्य व्यावसायी सेवा | चिकित्सक | २०००।०० |
| | कन्सल्टेन्ट सेवा (इन्जिनियरिङ्ग) | २०००।०० |
| | कानुन व्यावसायी ल फर्म | २०००।०० |
| | लेखापरीक्षण व्यावसायी | २०००।०० |
| | दन्तचिकित्सक | २०००।०० |
| | अनुसन्धानकर्ता परामर्शदाता | २०००।०० |
| | पशु चिकित्सक डाक्टर | २०००।०० |
| | रोजगार सेवा | ३०००।०० |
| | थोक | |
| | | |
| | | |
| ढुवानी तथा ट्रान्सपोर्ट | | १०००।०० |
| पेन्टर/ साइनबोर्ड लेख्ने | | १००।०० |
| खोटो व्यवसायी | | १०००।०० |
| जग्गा व्यवसायी | | २०००।०० |
| निर्माण व्यवसायी | | २०००।०० |
| यस वर्गीकरणमा नपरेका व्यवसायको हकमा | | ५००।०० |
| **उत्पादनमूलक उद्योग** | | |
| ग्रील उद्योग | | १०००।०० |
| जुत्ता उद्योग | | ५००।०० |
| घरेलु कुटिर उद्योग(अगरबत्ती, मैनबत्ती,टीकी, अचार तथा अन्य कुटिर) | | १००।०० |
| कपडा तथा गार्मेन्ट उद्यौग | | १०००।०० |
| सिरक डसना उद्योग पसल | | ५००।०० |
| कुटानी पेलानी/ मिल | | ५००।०० |
| मसला मिल | | ५००।०० |
| **नोटः यदि मसला मिल रहेको मिलबाटै कुटानी पेलानी मिल पनि छ भने कुटानी पेलानी मिलकै व्यवसाय कर लाग्ने छ ।** | | |

| | | |
|---|---|---|
| डेरी उद्योग/ व्यवसाय | | ५००।०० |
| उपभोग्य वस्तु उत्पादन उद्योग | कुकिज नुडल्स | ५००।०० |
| | दालमोट पाउरोटी चाउमीन | २००।०० |
| | पापड चिप्स फिगर | २००।०० |
| वनजन्य उद्योग | स मिल प्लाइउड उद्योग | २०००।०० |
| | काठ बिक्री डिपो | ५००।०० |
| क्रसर/कन्क्रीट/इटा भट्टा उद्योग | | ५०००।०० |
| ढाकाटोपी पस्मिना उद्योग | | १००।०० |
| सुर्तिजन्य उद्योग | | ५०००।०० |
| होटल लज रेष्टुरेन्ट | होटल र लज | १०००।०० |
| | भोजनालय | ५००।०० |
| | मिठाई पसल | ५००।०० |
| | पार्टी प्यालेस | २५००।०० |
| | रेष्टुरेन्ट-बार | २०००।०० |
| | चिया र खाजा पसल | २००।०० |
| | साना,खाजा-नास्ता पसल (मदिरासहित) | १०००।०० |
| टेन्ट हाउस | | २०००।०० |
| **सेवा उद्योग** | | |
| सञ्चार | एफ.एम. प्रसारण | २०००।०० |
| | केवुल च्यानल प्रसारण | २०००।०० |
| | पत्रपत्रिका प्रकाशन सेवा | १०००।०० |
| | फोटोकपी, पी.सि.ओ साइबर तथा क्याफे | ५००।०० |
| | कुरियर सेवा | १०००।०० |
| | कलर ल्याब/ फोटोस्टुडियो | ५००।०० |
| वित्तीय | वाणिज्य बैंक प्रति शाखा/केन्द्रिय कार्यालय | ५०००।०० |
| | विकास बैंक प्रति शाखा/ केन्द्रिय कार्यालय | ४०००।०० |
| | फाइनान्स कम्पनी शाखा कार्यालय | ३०००।०० |
| | वित्तीय/ ऋण सहकारी संस्था | १५००।०० |

| | | |
|---|---|---|
| | मनी ट्रान्सफर | ५००।०० |
| | विमा कम्पनी | २०००।०० |
| | लघु वित्त | १०००।०० |
| स्वास्थ्य सेवा व्यवसाय | निजी अस्पताल तथा नर्सिङ्ग होम | २५००।०० |
| | क्लिनिक तथा ल्याब | १०००।०० |
| | चस्मा पसल | ५००।०० |
| शिक्षा सेवा निजी | क्याम्पस | २०००।०० |
| | मावि/ उच्चमावि | १५००।०० |
| | मावि | १०००।०० |
| | आधारभूत | १०००।०० |
| | प्राथिमिक | १०००।०० |
| | छात्रावास | १०००।०० |
| | मन्टेश्वरी | १०००।०० |
| | पूर्व प्राथमिक | ८००।०० |
| | ट्युशन सेन्टर | १५००।०० |
| | कम्प्युटर / नृत्यकला सिकाइ केन्दर | १०००।०० |
| | तालीम तथा अनुसन्धान केन्द्र | १०००।०० |
| मर्मत सम्भार | टायर-ट्युव मर्मत, रिसोलिङ्ग,हावा भर्ने | २००।०० |
| | इन्जिन मर्मत | १५००।०० |
| | डेन्टिङ्ग पेन्टिङ्ग | १५००।०० |
| | टि.भी, फ्रिज, मोटर, पङ्खा, रेडियो, घडी जेनेरेटर, कम्प्युटर, मोबाइल (इलेक्ट्रोनिक) | १०००।०० |
| | मोटरसाइकल मर्मत | ५००।०० |
| | बस,ट्याक्सी लगायतका सवारी साधन मर्मत | २०००।०० |
| | अन्य विविध मर्मत | ५००।०० |
| ड्राइ क्लिनिक, व्युटी पार्लर तथा सैलुन | | १०००।०० |
| फूल विरुवा पसल | | ५००।०० |

| | | |
|---|---|---|
| गैर सरकारी संस्थाहरु | राष्ट्रिय | १०००।०० |
| | अन्तराष्ट्रिय | ५०००।०० |
| सवारी साधन कर | बस ट्रक ट्र्याक्टर र हेभी गाडी | २०००।०० |
| | भाडाका कार जिप | १०००।०० |
| | निजी कार, जीप, मयुरी | ५००।०० |
| | स्कुटर, मोटरसाइकल तथा अन्य सवारी साधनमा | २००।०० |
| | ठेलागाडा तथा रिक्सामा | ५००।०० |
| पटके सवारी कर | | ५०।०० |
| | | |
| मनोरञ्जन कर | सिनेमा हल तथा मनोरञ्जन प्रदर्शन स्थलको प्रवेश शुल्कमा | २.००% |
| | जादु सर्कस चटक आदिमा | प्रतिदिन ३०० |
| जडीबुटी जिवजन्तुकर | पछि निर्णय गरिने । | |
| बहाल बिटौरी कर | टहरो छाप्रोको मासिक | ५०।०० |
| | घुम्ती मासिक | ५०।०० |
| | ठेला मासिक | ५०।०० |
| चटपटे | वार्षिक | २००।०० |

अनुसूचि २ (ख)

दफा (९) सँग सम्बन्धित

| व्यवसाय नविकरण शुल्क (रूपैयामा) | | |
|---|---|---|
| मदिरा पसल | वितरक | १५००।०० |
| | थोक | १०००।०० |
| | खुद्रा | २५०।०० |
| चुरोट बिडी सुर्ती जन्य | वितरक | १०००।०० |
| | थोक | ७५०।०० |
| | खुद्रा | १००।०० |
| हल्का पेय पदार्थ | वितरक | ७५०।०० |
| | थोक | ५००।०० |
| | खुद्रा | २५०।०० |
| सुनचाँदी पसल | थोक | ७५०।०० |
| | खुद्रा पसल र मर्मत | ५००।०० |
| औषधी पसल | थोक | १५००।०० |
| | खुद्रा डाक्टर भएको | १०००।०० |
| | खुद्रा डाक्टर नभएको | ५००।०० |
| माछामासु बिक्री पसल | | ५००।०० |
| आयुर्वेदिक औषधी पसल | | २५०।०० |
| एग्रोभेट पसल | थोक | १०००।०० |
| | खुद्रा | १००।०० |
| | | |
| स्टेशनरी तथा पुस्तक पसल | थोक | ७५०।०० |
| | खुद्रा | २५०।०० |
| छपाइ तथा प्रकाशन | अफसेट प्रेस | १०००।०० |
| | साधारण प्रेस | २५०।०० |
| कस्मेटिक पसल | | २५०।०० |
| मोटर पार्ट्स | थोक | १०००।०० |
| | खुद्रा | २५०।०० |

| | | |
|---|---|---|
| प्लाइ तथा ग्लास | थोक | ५००।०० |
| | खुद्रा | २५०।०० |
| कपडा/फेन्सी/जुत्ताचप्पल/ब्याग पसल | थोक | ५००।०० |
| | खुद्रा | २५०।०० |
| धागो टाक पसल | थोक | ५००।०० |
| | खुद्रा | ५०।०० |
| इलेक्ट्रोनिक पसल (मोबाइल, घडी, क्याल्कुलेटर अडियो, भिडियो, आदि) | वितरक | १५००।०० |
| | थोक | ७५०।०० |
| | खुद्रा | ५००।०० |
| हार्डवेयर/ मेसिनरी/स्यानिटरी/मार्बल पसल | थोक | १०००।०० |
| | खुद्रा | ५००।०० |
| पेट्रोलियम पदार्थ | पेट्रोल पम्प | २५००।०० |
| | पेट्रोल बिक्री केन्द्र | १५००।०० |
| | ग्यास सिलिन्डर सब डिलर | १५००।०० |
| | मट्टितेल मात्र बिक्री | १००।०० |
| स्टिल आलमुनियम पसल | थोक | ५००।०० |
| | खुद्रा | २५०।०० |
| फर्निचर | थोक | ५००।०० |
| | खुद्रा | २५०।०० |
| ढुङ्गा तथा गिट्टी बालुवा बिक्री वितरण गर्ने | | ५००।०० |
| कपडा सिलाइ कटाइ | टेलरिङ आधुनिक | १००।०० |
| | हाते मेसिन | ५०।०० |
| स्नुकर तथा पुल हाउस | | ५००।०० |
| क्यारेम बोर्ड | | १००।०० |
| पशु आहार बिक्री केन्द्र | | १००।०० |
| किराना पसल | थोक | ५००।०० |
| | खुद्रा | ५०।०० |
| फलफूल/तरकारी पसल | थोक | २५०।०० |

| | | |
|---|---|---|
| | खुद्रा | १००।०० |
| उपहार/ गिफ्ट/ खेलौना पसल | थोक | २५०।०० |
| | खुद्रा | १००।०० |
| भाँडा पसल (स्टील, प्लास्टिक,आल्मुनियम सबैथरी) | थोक | ५००।०० |
| | खुद्रा | २५०।०० |
| माटाको भाँडा पसल | थोक, खुद्रा | ५०।०० |
| विशेषज्ञ परामर्श तथा अन्य व्यावसायी सेवा | चिकित्सक | १०००।०० |
| | कन्सल्टेन्ट सेवा (इन्जिनियरिङ्ग) | १०००।०० |
| | कानुन व्यावसायी ल फर्म | १०००।०० |
| | लेखापरीक्षण व्यावसायी | १०००।०० |
| | दन्तचिकित्सक | १०००।०० |
| | अनुसन्धानकर्ता परामर्शदाता | १०००।०० |
| | पशु चिकित्सक डाक्टर | १०००।०० |
| | रोजगार सेवा | १५००।०० |
| | | |
| | | |
| | | |
| ढुवानी तथा ट्रान्सपोर्ट | | ५००।०० |
| पेन्टर/ साइनबोर्ड लेख्ने | | ५०।०० |
| खोटो व्यवसायी | | ५००।०० |
| जग्गा व्यवसायी | | १०००।०० |
| निर्माण व्यवसायी | | १०००।०० |
| यस वर्गीकरणमा नपरेका व्यवसायको हकमा | | २५०।०० |
| **उत्पादनमूलक उद्योग** | | |
| ग्रील उद्योग | | ५००।०० |

| | | |
|---|---|---|
| जुत्ता उद्योग | | २५०।०० |
| घरेलु कुटिर उद्योग (अगरबत्ती, मैनबत्ती,टीकी, अचार तथा अन्य कुटिर) | | ५०।०० |
| कपडा तथा गार्मेन्ट उद्यँोग | | ५००।०० |
| सिरक डसना उद्योग पसल | | २५०।०० |
| कुटानी पेलानी/ मिल | | २५०।०० |
| मसला मिल | | २५०।०० |
| नोटः यदि मसला मिल रहेको मिलबाटै कुटानी पेलानी मिल पनि छ भने कुटानी पेलानी मिलकै व्यवसाय कर लाग्ने छ । | | |
| डेरी उद्योग/ व्यवसाय | | २५०।०० |
| उपभोग्य वस्तु उत्पादन उद्योग | कुकिज नुडल्स | २५०।०० |
| | दालमोट पाउरोटी चाउमीन | १००।०० |
| | पापड चिप्स फिगर | १००।०० |
| वनजन्य उद्योग | स मिल प्लाइउड उद्योग | १०००।०० |
| | काठ बिक्री डिपो | २५०।०० |
| क्रसर÷कन्क्रीट÷इटा भट्टा उद्योग | | २५००।०० |
| ढाकाटोपी पस्मिना उद्योग | | ५०।०० |
| सुर्तिजन्य उद्योग | | २५००।०० |
| **होटल लज रेष्टुरेन्ट** | होटल र लज | ५००।०० |
| | भोजनालय | २५०।०० |
| | मिठाई पसल | २५०।०० |
| | पार्टी प्यालेस | १२५०।०० |
| | रेष्टुरेन्ट–बार | १०००।०० |
| | चिया र खाजा पसल | १००।०० |
| | साना,खाजा–नास्ता पसल (मदिरासहित) | ५००।०० |
| टेन्ट हाउस | | १०००।०० |
| **सेवा उद्योग** | | |
| सञ्चार | एफ.एम. प्रसारण | १०००।०० |
| | केवुल च्यानल प्रसारण | १०००।०० |

| | | |
|---|---|---|
| | पत्रपत्रिका प्रकाशन सेवा | ५००।०० |
| | फोटोकपी, पी.सि.ओ साइबर तथा क्याफे | २५०।०० |
| | कुरियर सेवा | ५००।०० |
| | कलर ल्याब/ फोटोस्टुडियो | २५०।०० |
| वित्तीय | वाणिज्य वैंक प्रति शाखा/केन्द्रिय कार्यालय | २५००।०० |
| | विकास वैंक प्रति शाखा/ केन्द्रिय कार्यालय | २०००।०० |
| | फाइनान्स कम्पनी शाखा कार्यालय | १५००।०० |
| | वित्तीय/ ऋण सहकारी संस्था | ७५०।०० |
| | मनी ट्रान्सफर | २५०।०० |
| | विमा कम्पनी | १०००।०० |
| | लघु वित्त | ५००।०० |
| स्वास्थ्य सेवा व्यवसाय | निजी अस्पताल तथा नर्सिङ्ग होम | १२५०।०० |
| | क्लिनिक तथा ल्याब | ५००।०० |
| | चस्मा पसल | २५०।०० |
| शिक्षा सेवा निजी | क्याम्पस | १०००।०० |
| | मावि/ उच्चमावि | ७५०।०० |
| | मावि | ५००।०० |
| | आधारभूत | ५००।०० |
| | प्राथिमिक | ५००।०० |
| | छात्रावास | ५००।०० |
| | मन्टेश्वरी | ५००।०० |
| | पूर्व प्राथमिक | ४००।०० |
| | ट्युशन सेन्टर | ७५०।०० |
| | कम्प्युटर / नृत्यकला सिकाइ केन्दर | ५००।०० |

| | | |
|---|---|---|
| | तालीम तथा अनुसन्धान केन्द्र | ५००।०० |
| मर्मत सम्भार | टायर–ट्युव मर्मत, रिसोलिङ्ग,हावा भर्ने | १००।०० |
| | इन्जिन मर्मत | ७५०।०० |
| | डेन्टिङ्ग पेन्टिङ्ग | ७५०।०० |
| | टि.भी, फ्रिज, मोटर, पङ्खा, रेडियो, घडी जेनेरेटर, कम्प्युटर, मोबाइल (इलेक्ट्रोनिक) | ५००।०० |
| | मोटरसाइकल मर्मत | २५०।०० |
| | बस,ट्याक्सी लगायतका सवारी साधन मर्मत | १०००।०० |
| | अन्य विविध मर्मत | २५०।०० |
| ड्राइ क्लिनिक, व्युटी पार्लर तथा सैलुन | | ५००।०० |
| फूल विरुवा पसल | | २५०।०० |
| गैर सरकारी संस्थाहरु | राष्ट्रिय | ५००।०० |
| | अन्तराष्ट्रिय | २५००।०० |
| सवारी साधन कर | बस ट्रक ट्र्याक्टर र हेभी गाडी | १०००।०० |
| | भाडाका कार जिप | ५००।०० |
| | निजी कार, जीप, मयुरी | २५०।०० |
| | स्कुटर, मोटरसाइकल तथा अन्य सवारी साधनमा | १००।०० |
| | ठेलागाडा तथा रिक्सामा | १००।०० |
| पटके सवारी कर | | २५।०० |
| | | |
| मनोरञ्जन कर | सिनेमा हल तथा मनोरञ्जन प्रदर्शन | १.००% |

| | | |
|---|---|---|
| | स्थलको प्रवेश शुल्कमा | |
| | जादु सर्कस चटक आदिमा | प्रतिदिन १५० |
| जडीबुटी जिवजन्तुकर | पछि निर्णय गरिने । | |
| बहाल बिटौरी कर | टहरो छाप्रोको मासिक | २५।०० |
| | घुम्ती मासिक | २५।०० |
| | ठेला मासिक | २५।०० |
| चटपटे | वार्षिक | १००।०० |

अनुसूची ३

दफा ६ सँग सम्बन्धित

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यु

चुमनुव्री गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय

**विषय : व्यवसाय दर्ता गरी पाउँ ।**

महोदय,

प्रस्तुत विषयमा मैले तपशीलअनुसारको व्यवसाय संचालन गर्न इच्छुक रहेकाले नियमानुसार व्यवसाय दर्ता गरिदिनुहुन अनुरोध छ ।

व्यवसायको नाम : ..................................................................

व्यवसायको प्रकार : ..................................................................

कुल स्थीर पुंजी :.........................................................

व्यवसाय संचालन गर्ने स्थान :.........................................................

**संलग्न कागजातहरु**

(१) हालसालै खिचेको २ प्रति फोटो

(२) नागरिकता प्रमाण पत्रको प्रतिलिपी

(३) वडा कार्यालयको सिफारिस

(४) व्यवसाय संचालन हुने जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी

(५) अर्काको नाममा जग्गा भए व्यवसाय संचालन गर्न दिने जग्गाधनीको मञ्जुरीनामा

(६) उद्योगको हकमा संधियारको मञ्जुरीनामा ।

(७) स्थानीय उद्योग वाणिज्य संघको सिफारिसपत्र

**निवेदक**

नाम :
ठेगाना :
मिति :

आज्ञाले

भिमसेन श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत